संवाहकः मानव अधिकार शोध-पत्रिका (२०२६), अङ्क २६, १५५-१७६

# पौरस्त्य दर्शनको दृष्टिमा भ्रष्टाचार र मानव अधिकारः कौटिल्यको युगदेखि समकालीन विमर्शसम्म

**डा. दिपेशप्रसाद घिमिरे**[१]

**इमेल** : dipesh.ghimire333@gmail.com

Ghimire, D. P. (2026). पौरस्त्य दर्शनको दृष्टिमा भ्रष्टाचार र मानव अधिकारः कौटिल्यको युगदेखि समकालीन विमर्शसम्म. *Sambahak: Human Rights Journal*, *26*(1), 155–176. https://doi.org/10.3126/sambahak.v26i1.96288

***सार-सङ्क्षेप***

*यस अध्ययनले पौरस्त्य दर्शनको ऐतिहासिक दृष्टिकोण, विशेष गरी कौटिल्यद्वारा रचित अर्थशास्त्रमा वर्णित शासन दर्शन र व्यवहारलाई केन्द्रीय आधार मान्दै समकालीन समयसम्म भ्रष्टाचार र मानव अधिकारबीचको सम्बन्धलाई विश्लेषण गर्ने प्रयत्न गरेको छ। कौटिल्यको अर्थशास्त्रमा शासनको मूल उद्देश्य शासकको शक्ति सुदृढीकरण, राज्यको आर्थिक स्रोतको अधिकतम सङ्कलन र त्यसको प्रयोग शासक र सुरक्षा सुनिश्चिततामा केन्द्रित देखिन्छ। उक्त समयमा राज्यको स्रोतको अनियमित प्रयोग, जनता तथा सर्वसाधारणमाथिको करभार र सामाजिक–सांस्कृतिक जीवनमा हस्तक्षेप गरी सत्ताको एकाधिकार कायम राख्ने नीति प्रारम्भिक मानव अधिकार उल्लङ्घनका स्वरूपका रूपमा लिन सकिन्छ। वर्तमान समयमा पनि नेपाललगायतका विकासोन्मुख मुलुकहरूमा नीतिगत भ्रष्टाचार, स्रोतको अनियमित वितरण र सरकारी निकायको अपारदर्शी कार्यशैलीका कारण मानिसका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार गम्भीर रूपमा प्रभावित भइरहेका छन्। यसरी ऐतिहासिक पौरस्त्य शासन दर्शन र वर्तमान शासन संरचनाको विश्लेषणले भ्रष्टाचारको मूल चरित्र सत्ताको संरक्षण, स्रोतको दुरुपयोग र आमनागरिकको अधिकार हनन समयको अन्तरालसँगै स्वरूप परिवर्तन भए पनि सारमा स्थिर रहिरहेको देखाउँदछ। यस अध्ययनले भ्रष्टाचारविरुद्धको लडाइँ केवल आर्थिक पारदर्शितासम्म सीमित हुन हुँदैन, बरु मानव अधिकारको समग्र संरक्षण र प्रवर्धनसँग प्रत्यक्ष रूपमा जोडिनुपर्छ भन्ने दृष्टिकोण राख्दछ।*

***प्रमुख शब्दकुञ्जीहरू*:** कौटिल्य, पौरस्त्य दर्शन, भ्रष्टाचार, मानव अधिकार उल्लङ्घन

[१] उपप्राध्यापक, समाजशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, किर्तीपुर ।

## परिचय

भ्रष्टाचार मानव समाजमा राज्य वा शासन प्रणालीको उदयसँगै भएको देखिन्छ । आर्थिक अनियमितता, घुस, भ्रष्टाचारजस्ता सवालहरूका बारेमा प्राचीनकालीन दस्तावेजमा पनि उल्लेख गरेको पाइन्छ । थापा (२०६०) का अनुसार ऋग्वेदमा भ्रष्टाचार भनेको सार्वजनिक कोषको दुरुपयोग गर्नु, राज्यको ढुकुटी तथा कोषबाट घुस लिनु आदि रहेका छन । पौरस्त्य दर्शनमा शासन, न्याय, नैतिकता र नागरिक कल्याणका अवधारणाहरू गहिरो रूपमा एकीकृत भएका छन् । भ्रष्टाचारको बारेमा कौटिल्यको अर्थशास्त्रमा विस्तृत रूपमा उल्लेख छ । कौटिल्यको अर्थशास्त्र केवल आर्थिक व्यवस्थापनको दस्तावेज मात्र नभई राजनीतिक, सामाजिक, सांस्कृतिक तथा नैतिक शासन प्रणालीको मार्गदर्शक ग्रन्थ पनि हो (अलंकार, २०८१)।कौटिल्यका अनुसार कर प्रणाली "माहुरीले फूलबाट मधु सङ्कलन गर्छ तर फूललाई नष्ट गर्दैन" भन्ने भनाइजस्तै यथासम्भव कर सङ्कलन नरोक्ने तर आर्थिक उत्पादकत्व र जनजीवनमा प्रत्यक्ष असर नपर्ने व्यवस्था अपनाउनुपर्ने कुरा स्पष्ट गर्छ (PubAdmin Institute, 2023) । कौटिल्यले "उन्नत आर्थिक क्षमता भएको बेला मात्र कर सङ्कलन गर्नुपर्छ" र "न्यायोचित, सहज र रचनात्मक" कर प्रणाली हुनुपर्दछ भन्ने दृष्टिकोण राखेका छन् । कौटिल्यको अर्थशास्त्रमा आर्थिक लाभमात्र नभई सामाजिक कल्याणका दृष्टिकोण पनि गहन रूपमा समावेश गरिएको छ । उदाहरणका लागि आपत्ति, अकाल वा युद्धकालमा करमा छुट, सार्वजनिक संरचना (जस्तैः सिँचाइ प्रणाली, भण्डारण गृह), वृद्ध, अशक्त वा विपन्नहरूको संवेदनशीलता, तथा परोपकारको प्रोत्साहन गर्नुपर्ने व्यवस्था छ (Duraiswamy, 2014) ।

ऐतिहासिक रूपमा राज्यका कर सङ्कलनका प्रक्रिया शासकको निहित स्वार्थअनुरूप मोडिने र जनताको आधारभूत अधिकार, जस्तैः जीवन निर्वाह, शिक्षा, स्वास्थ्य, तथा सांस्कृतिक स्वतन्त्रता अवमूल्यन हुने सम्भावना सार्वजनिक नैतिकता र न्यायको खतरासँग जोडिन्छ । यसैले भ्रष्टाचारलाई केवल आर्थिक हानिको सवालमात्र नभई नागरिकको आधारभूत अधिकार उल्लङ्घनको एक ऐतिहासिक निरन्तरताको रूपमा लिन सकिन्छ । आधुनिक समयमा पनि नीतिगत भ्रष्टाचार, बजेट दुरुपयोग र शक्तिप्रयोग वा दुरुपयोगका कारण मानव अधिकारको कार्यान्वयनमा ठुला चुनौतीहरू देखापरेका छन् । नेपालमा देखिने ठुला भ्रष्टाचारका घटनाहरूले जनताको आर्थिक, सामाजिक, सांस्कृतिकसहित समग्र मानव अधिकारमा समेत गम्भीर रूपमा चुनौती सिर्जना गरिरहेका छन् । यसले सामाजिक सुरक्षा र आर्थिक अधिकारमा असमानता उत्पन्न गराएको पाइन्छ ।

यस अध्ययनको उद्देष्य वैदिककालीन समयदेखि समकालीन समयसम्म भ्रष्टाचार र मानव अधिकारबीचको अन्तरसम्बन्धलाई व्याख्या गर्नुरहेको छ । यसले पौरस्त्य दर्शनको विश्लेषणमार्फत

भ्रष्टाचारको ऐतिहासिक निरन्तरता र त्यसले मानव अधिकारहरूमा पारिरहेको असरलाई उजागर गर्ने उद्देश्य राखेको छ ।

यसले नेपालको ऐतिहासिक प्रशासनिक परम्परासँगसँगै वर्तमान शासन प्रणाली सुधारका लागि पनि मार्गदर्शनको काम गर्न सक्छ । विशेष गरी भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापित गर्नका लागि प्राचीनकालका तत्त्वहरूलाई आधार बनाएर आधुनिक रणनीतिहरू विकास गर्न सकिन्छ। कौटिल्यको अर्थशास्त्रले भ्रष्टाचार नियन्त्रण र प्रशासनिक सुधारका लागि शास्त्रीय आधार र ज्ञानको स्रोतको रूपमा महत्त्व राख्दछ, जसले नेपालजस्ता विकासशील देशका लागि समसामयिक शासन सुधारमा सकारात्मक प्रभाव पार्न सक्छ भन्ने यस लेखको निष्कर्ष रहेको छ ।

## अनुसन्धान विधि

यो अध्ययन वर्णनात्मक विधिमा आधारित रहेको छ । यसका लागि गुणात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । यस लेखलाई ऐतिहासिक, दार्शनिक तथा कानुनी सन्दर्भलाई व्याख्या गर्दै भ्रष्टाचार र मानव अधिकारका सम्बन्धमा पौरस्त्य दर्शनको दृष्टिकोण र यसको समकालीन विमर्शसँगको सम्बन्धलाई स्पष्ट पार्ने प्रयत्न गरिएको छ । यो अनुसन्धान ऐतिहासिक दृष्टिकोणमा आधारित छ । यसमा कौटिल्यकालीन समयदेखि हालसम्मको शासन प्रणालीलाई प्रस्तुत गर्दै भ्रष्टाचारका स्वरूप, कारण र मानव अधिकार उल्लङ्घनका प्रकृतिलाई ऐतिहासिक परिप्रेक्ष्यमा व्याख्या गर्ने प्रयत्न गरिएको छ ।

अध्ययनमा प्रयोग गरिएका तथ्याङ्क र सूचनाहरू पूर्ण रूपमा द्वितीयक स्रोतहरूबाट सङ्कलन गरिएको हो । यसका लागि कौटिल्यको अर्थशास्त्र, मनुस्मृति, महाभारतका शासनसम्बन्धी अंशहरूजस्ता प्राचीन धार्मिक—दर्शनिक ग्रन्थहरूलाई आधार बनाइएको छ । यसका साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८), संयुक्त राष्टसङ्घको भ्रष्टाचारविरुद्धको महासन्धि, अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिलगायतका अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूलाई सन्दर्भ लिइएको छ । यसका अतिरिक्त अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका अनुसन्धान प्रतिवेदन, शैक्षिक शोधपत्रिकाका लेख र अनुसन्धान संस्थाद्वारा प्रकाशित सामग्रीहरूलाई समेत विश्लेषणमा समावेश गरिएको छ।

ऐतिहासिक विधिबाट प्राचीनकालदेखि आधुनिक समयसम्मका अवधारणाहरूबीचको सामता र भिन्नता पहिचान गरिएको छ । यसै गरी भ्रष्टाचारका कारणहरू, मानव अधिकार उल्लङ्घनका क्षेत्रहरू (सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक), पौरस्त्य दर्शनमा प्रस्तावित भ्रष्टाचार निवारणका उपाय र समकालीन कानुनी तथा नीतिगत उपायहरूको मूल्याङ्कन गरिएको छ ।

## भ्रष्टाचार र मानव अधिकारबीचको सम्बन्ध

अध्ययनहरूले भ्रष्टाचार र मानव अधिकारका बीचमा अत्यन्तै नजिकको सम्बन्ध देखाउँदछन् । Peters (2024) का अनुसार भ्रष्टाचारले राज्यका विभिन्न संस्थाहरू र सार्वजनिक बजेटको कार्यप्रणालीलाई कमजोर बनाउँछ । यसले सार्वजनिक राजस्वलाई स्वास्थ्य सेवा, शिक्षा, आवास र सामाजिक सुरक्षाजस्ता आवश्यक सेवाहरूबाट टाढा लैजान्छ, जुन आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि महत्त्वपूर्ण छन् । भ्रष्टाचारले सार्वजनिक सेवाहरूको लागि बजेटलाई घटाउँछ, जसले गर्दा गुणस्तर र पहुँचमा गिरावट ल्याउँदछ । यसबाट सार्वजनिक निकायले प्रवाह गर्ने वस्तु तथा सेवामा निर्भर रहने गरिब, विपन्न र सीमान्तकृत जनसङ्ख्याको आधारभूत मानव अधिकारमै भ्रष्टाचारले प्रत्यक्ष रूपमा हानि र असर पुर्याउने पेटर्सको अध्ययनको निष्कर्ष छ । यसै गरी Pillay (2013) ठेक्का वा इजाजतपत्र प्रदान गर्ने क्रममा हुने भ्रष्टाचारले निम्नस्तरको पूर्वाधार वा सेवा प्रवाह गर्दछ, जसले पर्याप्त आवास, हिँडडुल गर्ने स्वतन्त्रता, शिक्षा वा स्वास्थ्यको अधिकारजस्ता मानव अधिकार परिपूर्तिमा अवरोध सिर्जना गर्दछ भन्ने दृष्टिकोण राख्छिन् ।

भ्रष्टाचारले कानुनको शासन र संस्थाहरूको वैधतालाई क्षय गर्छ, जसले नागरिक तथा राजनीतिक अधिकारलाई असर गर्छ । जब भ्रष्टाचारले अदालत, कानुन प्रवर्तन, वा निर्वाचन प्रणालीमा प्रवेश गर्छ, जनताको विश्वास भङ्ग हुन्छ र निष्पक्ष मुद्दा, कानुनी प्रतिनिधित्व, वा अर्थपूर्ण मतदानको अधिकार खतरामा पर्छ (U4 Anti-Corruption Resource Centre, 2025) । कानुन प्रवर्तनमा भ्रष्टाचारले यातना, दुर्व्यवहार वा मानव अधिकार उल्लङ्घनका लागि दण्डहीनताजस्ता दुर्व्यवहारहरूलाई सहज बनाउन वा लुकाउन सक्छ । यसबाहेक, राजनीतिमा भ्रष्ट अभ्यासहरूले शक्तिलाई अभिजात वर्गतर्फ झुकाउन सक्छ, जसले गर्दा लोकतान्त्रिक अधिकार र राजनीतिक सहभागितालाई कमजोर बनाउछ (Transparency International, 2022) ।

भ्रष्टाचारले सामाजिक बहिष्करण र असमानतालाई बढावा दिन्छ । गरिब, आदिवासी समुदाय, महिला र कैदीहरूजस्ता समूहहरूमा घुस दिने वा जवाफदेहिता माग गर्ने क्षमता कम हुनाले उनीहरू पीडित हुन्छन् । यसले सीमान्तीकरण र मानव अधिकार उल्लङ्घनको चक्रलाई निरन्तरता दिन्छ (Peters, 2024)। यसबाहेक मानव अधिकार रक्षक, सञ्चारकर्मी र भ्रष्टाचार विरोधी अभियन्ताहरूविरुद्ध बारम्बार धम्की र हिंसा आइपर्छ, जसले नागरिक सहभागिताका लागि असुरक्षित वातावरण सिर्जना गर्दछ ।

यसरी हेर्दा भ्रष्टाचार र कमजोर शासन मानव अधिकार उल्लङ्घनसँग गहिरो रूपमा सम्बन्धित छन्, जसले गर्दा एकलाई अर्कोबाट अलग गर्न गाह्रो हुन्छ भन्नेमा विद्वानहरूको जोड रहेको पाइन्छ ।

भ्रष्टाचारले कमजोर शासन र मानव अधिकार उल्लङ्घनको कारण र परिणाम दुवैको रूपमा कार्य गर्दछ, जसले गर्दा एक दुष्चक्र सिर्जना हुन्छ (OHCHR, n.d.) । सबै भ्रष्टाचारले प्रत्यक्ष रूपमा मानव अधिकार उल्लङ्घनतर्फ डोर्याउँदैन, प्रणालीगत भ्रष्टाचारले राज्यहरूको मानव अधिकार दायित्वहरूलाई भौतिक रूपमा (स्रोत र सेवाहरूमार्फत) र वैचारिक रूपमा (वैधता र कानुनको शासनमार्फत) कायम राख्ने क्षमतालाई अनिवार्य रूपमा घटाउँछ (Peters, 2024)। यसरी हेर्दा कमजोर शासन र भ्रष्टाचारले मानिसहरूलाई आवश्यक सेवाहरूबाट वञ्चित, न्याय र राजनीतिक सहभागितालाई कमजोर, असमानतालाई निरन्तरता र राज्य संस्थाहरूमाथिको विश्वासलाई कमजोर बनाइ मानव अधिकारको हनन गर्दछ ।

**वैदिककालमा भ्रष्टाचार**

भ्रष्टाचार आजको युगको समस्यामात्र नभई मानव सभ्यताको प्राचीनकालदेखि नै निरन्तर सामाजिक र राजनीतिक चुनौतीका रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा यसलाई इतिहास र पौरस्त्य दर्शनका दृष्टिकोणबाट विश्लेषण गर्दा वैदिक तथा महाभारतकालीन स्रोतहरूले भ्रष्टाचारको प्रारम्भिक स्वरूप र त्यसले शासन प्रणाली र मानव अधिकारमा पार्ने प्रभावलाई गहिरो रूपमा चित्रण गरेका पाइन्छ ।

वैदिककालमा शासन र धार्मिक संस्कारहरू जीवनका विभिन्न पक्षलाई व्यवस्थित गर्ने सवालका रूपमा रहेका थिए । वैदिक तथा पुरातन ग्रन्थहरूमा नैतिकता, धर्म, र राज्य सञ्चालनमा हुनसक्ने भ्रष्टाचारका बारेमा विभिन्न चेतावनीहरू स्पष्ट रूपमा रहेका भेटिन्छन् । महाभारतकालको अध्ययन गर्दा विशेषतः विदुर नीति र व्यवहारवादी दृष्टिकोणमा भ्रष्टाचारको सैद्धान्तिक विवेचना पाइन्छ । विदुर, जसलाई न्याय, धर्म र शासनको श्रेष्ठ प्रतीक मानिन्छ, आफ्नो नीतिशास्त्रमा भ्रष्टाचारलाई "धनको नशा" भनेर चित्रित गर्दै यसले राज्यको नैतिक तथा प्रशासनिक पतन निम्त्याउने खतरा औंल्याएका थिए (ढकाल, २०६०) । विदुरले धृतराष्ट्र समक्ष दिएको एक श्लोक यस्तो छः

"ऐश्वर्य मद पापिष्ठा मदाः पानमदादयः

ऐश्वर्यं मदमत्तो हि नापतित्वा बिबुध्यते ।"

अर्थात मदिराको नसा पनि नसा नै हो तर ऐश्वर्य अर्थात धनको नसा मदिराको नसाभन्दा अत्यन्तै खतरनाक हुन्छ । धनको नसामा लिप्त भएको व्यक्ति भ्रष्ट नभई छाड्दैन (विदुर नीति, २००२, ढकाल २०६० मा उधृत गरिएको) । यस श्लोकमा मदिराको नसा र धन (ऐश्वर्य) को नसाबीचको तुलना गर्दै, धनको नसाले मानिसलाई भ्रष्ट बनाउने र त्यसले शासनलाई गिरावटतर्फ लैजान सक्ने चेतावनी दिइएको छ । यसबाट स्पष्ट हुन्छ कि महाभारतकालीन समाजमा आर्थिक

स्रोतको दुरुपयोग र त्यसबाट उत्पन्न शक्ति दुरुपयोगले सामाजिक असमानता र अन्यायलाई जन्म दिन सक्ने चिन्ता विद्यमान थियो ।

वैदिक कालको शासन व्यवस्था अधिकांशत धार्मिक तथा सामाजिक मर्यादामा आधारित रहेको देखिन्छ  तथापि आर्थिक स्रोतको सङ्कलन र उपयोगमा भ्रष्टाचारका संभावना निरन्तर थिए । राजनैतिक इतिहासका अध्यययनले देखाउँछन् कि कर सङ्कलन, उपहार वा अनुदानका माध्यमबाट सत्ता संरचनामा घूसखोरी र अन्य भ्रष्ट व्यवहार प्रचलित थिए (अर्याल, २०८०) । महाभारतकालीन सामाजिक संरचनामा आर्थिक शक्तिलाई नैतिक क्षयीकरणको मुख्य कारण मानिएको देखिन्छ । विदुरनीति तथा धर्मशास्त्रले यसलाई व्यक्तिगत तथा सामाजिक अनैतिकताका रूपमा चित्रण गरेको पाइन्छ । यसले केवल व्यक्तिगत स्वार्थसिद्धिमात्र नभई राज्य सञ्चालन प्रणालीमा व्यापक भ्रष्टाचार निम्त्याउने सङ्केत गर्दछ ।

विदुरको सुझावअनुसार, शासनले धनको सदुपयोग गरी जनता र राज्यको कल्याणमा केन्द्रित हुनुपर्छ, नत्र धनको दुरुपयोगले राजतन्त्रको क्षय हुने खतरा हुन्छ (अर्याल, २०८०) ।

## कौटिल्यकालीन भ्रष्टाचार र मानव अधिकार

कौटिल्यको अर्थशास्त्रलाई आधुनिक ऐन कानुनहरूको समेत पथप्रदर्शकका रूपमा लिने गरिन्छ । यसले कर सङ्कलन (राजश्व) लाई राज्यको प्रमुख उद्देश्यका रूपमा उल्लेख गर्दै, त्यसको उचित र न्यायपूर्ण प्रयोगमार्फत् नागरिक कल्याण प्राप्त गर्न सुझाउँछ (अलंकार, २०८१) । कौल्टिल्य लेख्छन् "धनधान्य प्रयोगेषु विद्या सङ्ग्रहणेषु चः, आहारे व्यवहारे च व्यक्तलज्जां सुखी भवेत् ।" अर्थात धन तथा अन्न लेनदेनमा जो व्यक्ति लाज मान्दैन, उही व्यक्ति सुखी रहन्छ (कौटिल्य नीति, १९९९, ढकाल, २०६०) । यसै गरी कौटिल्यको अर्थशास्त्रमा उल्लिखत अर्को एक श्लोकले उक्त समयमा श्लोकमा भनिएको छ :

इत्थं ह्यना स्वादयितुम् न शाक्यम्
जिह्मातलस्थं मधु वा विषम् वा
अर्थस्तथा ह्यर्थचरेण राज्ञः
स्वल्पोदस्थानास्वादयितुम् न शाक्यम् ।।

अर्थात् जसरी किरा मधु वा विष नलिई बस्न सक्दैन, ठीक त्यसैगरी अर्थाधिकारका रूपमा नियुक्त व्यक्ति रकम नलिई बस्न सक्दैन । उसले कुनै न कुनै रूपमा रकमको हिनामिना गरेकै हुन्छ (कौटिल्यको अर्थशास्त्र, २००१; ढकाल, २०६०) । कौटिल्यले भ्रष्टाचारीहरूको लालच, स्वार्थ र

असामाजिक मनोवृत्तिलाई मिहिन रूपमा विश्लेषण गरेका छन् । उनको अर्थशास्त्रका सवाललाई समेटेर लेखिएका पुस्तकहरू (अर्याल, २०८०; अलङ्कार, २०८१) को अध्ययन गर्दा भ्रष्ट मानिसहरू सहज रूपमा आफ्नो स्वाभाविक लालच र तत्कालै फाइदा खोज्ने प्रवृत्तिमा फँस्ने हुनाले उनीहरू माथिको कारवाहीको व्यवस्था अत्यन्तै कठोर हुनुपर्दछ भन्ने दृष्टिकोण राख्ने गरेको पाइन्छ । त्यसैले कौटिल्यको अर्थशास्त्रमा भ्रष्ट कर्मचारीहरूलाई सामाजिक र आर्थिक रूपमा दण्डित गर्न जरुरी ठहर्याइएको छ । राज्यले भ्रष्ट मानिसहरूको सम्पत्ति जफत् गर्नुपर्ने र उनलाई घटुवा गरी पुनः सुधार गर्नुपर्ने दृष्टिकोण राखिएको छ ।

कौटिल्यले आफ्नो पुस्तक अर्थशास्त्रमा प्राचीन समयका अधिकारीले राज्यकोषबाट गर्ने भ्रष्टाचार तथा अनियमितताका बारेमा उल्लेख गरेका छन् । जसमा विभिन्न ४० प्रकारका भ्रष्ट कार्यहरूका बारेमा उल्लेख छ । जसलाई तालिका नं. १ मा देखाईएको छ ।

**तालिका नं. १**

***कौटिल्यको अर्थशास्त्रमा उल्लिखित भ्रष्ट कार्यहरू***

| क्र.सं | भ्रष्ट कार्य | क्र.सं | भ्रष्ट कार्य |
|---|---|---|---|
| १ | पहिलो फसलबाट प्राप्त रकमलाई दोस्रो बाली आएपछि रजिष्टरमा चढाउनु | २ | दोस्रो फसलको आम्दानीको केही भाग पहिलो फसलको रजिष्टरमा चढाउनु |
| ३ | रिश्वत लिएर राजकरलाई छोडी दिनु | ४ | राजकर नलाग्ने मन्दिर, ब्राह्मण आदिबाट कर असुल गर्नु |
| ५ | बुझाइएको करलाई रजिष्टरमा दाखिल नगर्नु | ६ | कर नबुझाएकोमा पनि बुझाएको देखाउन रजिष्टरमा दाखिल गर्नु |
| ७ | रिश्वत लिई प्राप्त हुनुपर्ने भन्दा कम रकम प्राप्त भएकोमा पूरा लिएको देखाएर दाखिल गर्नु | ८ | पूरै प्राप्त भएको रकमलाई अधुरो पाएको भनी लेख्नु |
| ९ | जुन द्रव्य प्राप्त भएको हो त्यसको स्थानमा अर्को द्रव्य पाएको भनेर लेख्नु | १० | रिश्वत लिएर व्यक्तिबाट पाएको धनलाई अर्को व्यक्तिको नाम राख्नु |
| ११ | दिन योग्य वस्तु नदिनु | १२ | दिन योग्य नभएको वस्तु दिनु |

| क्र.सं | भ्रष्ट कार्य | क्र.सं | भ्रष्ट कार्य |
|---|---|---|---|
| १३ | कुनै वस्तु समयमै नदिनु | १४ | रिश्वत लिएर असमयमा नै त्यस वस्तुलाई दिनु |
| १५ | थोरै दिएर धेरै दिएको लेख्नु र धेरै दिएर थोरै दिएको लेख्नु | १६ | अपेक्षित वस्तु नदिएर अरु नै वस्तु दिनु |
| १७ | जुन व्यक्तिलाई दिनु भनिएको छ उसको स्थानमा अरु नै व्यक्तिलाई दिनु | १८ | राजस्व असुल नगरी रिश्वत लिएर रजिष्टरमा लिएको जनाउनु |
| १९ | राज्य कर असुल नगरी रिश्वत लिएर रजिष्टरमा लिएको जनाउनु | २० | राजाको आदेशबाट वस्त्रादि खरिद गरेर तत्काल त्यसको भुक्तानी नदिई एकान्तमा कम रकम दिनु |
| २१ | अधिक मूल्यमा खरिद गरिएको वस्तुको मूल्य कम गरी रजिष्टरमा दाखिला गर्नु | २२ | सामूहिक कर असुली गर्नुपर्नेमा अलग अलग व्यक्तिबाट असुल गर्नु |
| २३ | अलग अलग व्यक्तिबाट लिनुपर्ने कर सामूहिक रूपमा असुल गर्नु | २४ | बहुमूल्य वस्तुलाई अल्पमूल्यको वस्तुमा परिणत गर्नु |
| २५ | अल्पमूल्यको वस्तुलाई बहुमूल्यको वस्तुमा परिणत गर्नु | २६ | रिश्वत लिएर बजार मूल्य बढाइदिनु, बजारको भाउ घटाउनु |
| २७ | दुई दिनको पारिश्रमिक दिएको छ भनेर चार दिन बढाएर लेख्नु | २८ | चार दिनको पारिश्रमिक दिइएको छ भनेर दिन घटाएर लेख्नु |
| २९ | मलमास (बढी दिन हुने) नभएको साललाई मलमास भएको भन्नु | ३० | महिनाको दिन घटाएर वा बढाएर लेख्नु |
| ३१ | सेवकहरूको सङ्ख्या बढाएर लेख्नु | ३२ | एक प्रयोजनका लागि भएको आम्दानी अर्को प्रयोजनमा दर्ता गर्नु |
| ३३ | ब्राह्मणादिका लागि स्वीकृत भएको धन मध्ये केही आफूले लिनु | ३४ | कुटिल तरिकाले धन असुल गर्नु |

| क्र.सं | भ्रष्ट कार्य | क्र.सं | भ्रष्ट कार्य |
|---|---|---|---|
| ३५ | सामूहिक असुलीबाट न्यूनभन्दा अधिक (न्यूनाधिक्य) रूपमा धन लिनु | ३६ | फरक वर्ण देखाएर धन अपहरण गर्नु |
| ३७ | मूल्य निर्धारण नभएको अवस्थामा दाम बढाएर लाभ उठाउनु | ३८ | तौलमा कमबेसी गरेर उपार्जन गर्नु |
| ३९ | नापमा फरक गरेर धन कमाउनु | ४० | घिउले भरिएका सय वटा ठुलाठुला भाँडा (घडा) का स्थानमा सय वटा सानासाना भाँडा दिनु |

(स्रोतः आचार्य, २०७९ पेज नं. १२—१४)

कौटिल्यले राज्यका माथिल्लो उच्च पदमा आसिनदेखि आम नागरिकले आफ्नो दैनिकी के—कसरी चलाउनुपर्दछ भन्ने बारेमा लेखेका छन् । कौटिल्यको प्राचीन ग्रन्थ अर्थशास्त्रले राज्य सञ्चालनमा देखिने भ्रष्टाचार र अनियमितताका विविध प्रकारहरूलाई अत्यन्त सूक्ष्म र व्यापक रूपमा उल्लेख गरेको देखिन्छ । उक्त ग्रन्थमा राज्यकोष र प्रशासनिक प्रणालीमा देखिने भ्रष्टाचारका ४० भिन्न प्रकारहरूलाई स्पष्ट रूपमा वर्गीकृत गरी व्याख्या गरेको देखिन्छ । यी भ्रष्टाचारहरू तत्कालीन राज्य सञ्चालनमा व्यापक रूपमा देखिएका अनैतिक, गैरकानुनी तथा अनुचित क्रियाकलापहरू हुन्, जसले शासनप्रणालीको विश्वसनीयता र कार्यक्षमतामा गम्भीर असर पुर्याएका थिए ।

तालिका नं. १ मा उल्लिखित भ्रष्टाचारका प्रकारहरूमा कर असुलीका क्रममा भएको धोखाधड़ी, रजिस्टर वा लेखापालमा गलत विवरण लेख्ने, रिश्वत लिएर कर छूट दिने, समयमै वस्तु वा सेवा नदिने वा अनियमित मात्रामा दिने, बजार मूल्यलाई मनमानी रूपमा बढाउने वा घटाउने तथा नापतौलमा हेरफेरजस्ता गतिविधिहरू प्रमुख छन् । यसले केवल आर्थिक घाटामात्र नभई जनतामा सरकारी निकायप्रति निराशा र असन्तुष्टि फैलाएको थियो ।

कौटिल्यले यी भ्रष्टाचारका कार्यहरूलाई वर्गीकृत गर्दा प्रत्येक प्रकारको विशेषता र तिनले राज्य प्रणालीमा पार्ने नकारात्मक प्रभावलाई समेत चित्रित गरेको देखिन्छ । यसबाट प्राचीनकालमा पनि प्रशासनिक संरचनामा स्वार्थपूर्ति र अनियमितताको समस्या गम्भीर रूपमा विद्यमान थियो र यसले समाजमा न्याय र समानताको अवधारणामा बाधा पुर्याएको थियो भन्ने देखिन्छ । यस्तो भ्रष्टाचारले सार्वजनिक स्रोतको दुरुपयोग गरी शासनमा असमानता र विभेद उत्पन्न गरेको थियो भन्ने बुझ्न सकिन्छ ।

पौरस्त्य दर्शनमा राज्य व्यवस्था सञ्चालनका विभिन्न उपायहरूका बारेमा विस्तृत रूपमा व्याख्या गरिएको छ । प्राचीनकालका धार्मिक ग्रन्थहरूले पनि भ्रष्टाचार, राज्यकोषको दोहन तथा राज्यद्रोह सम्बन्धी सवालहरूलाई बर्जित गरेको देखिन्छ । कौटिल्यकालपूर्वका चर्चित नीतिहरू जस्तै विदुरनीति, मनुस्मृति, भर्तृहरिलगायतका नीतिहरूले राजनीतिकर्मी तथा सार्वजनिक सेवाका कर्मचारीहरूमा हुनुपर्ने सदाचारिता, सुशासन तथा आत्मानुशासनका सम्बन्धमा विभिन्न सवालहरू उल्लेख गरेका छन् (अर्याल, २०८०) ।

भ्रष्टाचार तथा आर्थिक अनियमिततामार्फत अकूत सम्पत्ति आर्जन गर्ने कुरालाई कौटिल्य नीतिले गलत कार्यका रूपमा लिएको छ । कौटिल्य नीतिको मिहिन अध्ययन गर्दा भ्रष्टाचारविरुद्ध आक्रामक नीति अख्तियार गर्नु यस नीतिको एक विशेषता रहेको बुझ्न सकिन्छ । कौटिल्य नीतिमा भनिएको छः

अपि शक्या गतिर्ज्ञातुंपततां खे पतत्त्रिणम् ।

न तु प्रच्छन्नभावानां युक्तानां चरतां गतिः ।।

कौटिल्यको अर्थशास्त्रको प्रकरण २५ मा उल्लेख गरिएको यस श्लोकको अर्थ हुन्छः आकाशमा उड्ने चराहरूको गतिलाई बुझ्न सकिएला तर राज्यमा नियुक्त व्यक्तिको दिमागमा लुकेका लुट्ने, आर्थिक दुरुपयोग गर्ने जस्ता भावना बुझ्न तथा जान्न सम्भव छैन (अनलाइनखबर, २०७६) । कौटिल्यले सरकारी कर्मचारीहरूको पैसाको दुरुपयोग गर्ने तथा आर्थिक अनियमितता गर्ने बारेमा कसैले पनि सरकारी कर्मचारीहरूको योजना तथा चाल पत्ता लगाउन सक्दैनन् भन्ने बुझाइ राख्दछन्। यस्ता कर्मचारीहरूले दुरुपयोग गरेको पत्ता लागेपछि मात्र उनीहरूले अबलम्बन गरेको तौरतरिका थाहा हुने उनको नीतिको सार रहेको छ । कौटिल्य नीतिमै भनिएको छः

आस्रावयेच्चोपचितान् विपर्यस्येच्च कर्मसु ।

यथा न भक्षयन्त्यर्थं भक्षितं निर्वमन्ति वा ।।

यो श्लोकको अर्थ रहेको छ कुनै पनि शासकको कर्तव्य हो कि सरकारी काममा नियुक्त भएका कुनै पनि व्यक्तिले राज्यको सम्पत्तिमा अनियमितता गरेको छ भने उसलाई अहिले काम गरिरहेको भन्दा तल्लो तहमा घटुवा गर्नुपर्दछ ता कि उनीहरूले अनियमितता गरेको राज्यको सम्पत्ति राज्यले उनीहरूबाट उठाउन सकोस् (अनलाइनखबर, २०७६) । यस श्लोकले भ्रष्टाचारीलाई कारवाही गर्नुपर्दछ भन्ने कुरालाई प्रस्तुत गरेको छ । भ्रष्टहरूलाई कारवाही गरेर उनीहरूले राज्यबाट अनियमित तवरले लुटेको धन फिर्ता गर्नुपर्दछ भन्ने यस नीतिको मर्म रहेको छ । कौटिल्य नीतिले

सुशासन प्रवर्धन गर्ने कुरालाई पनि उल्लेख गरेको छ । कौटिल्य नीतिमा रहेको एउटा श्लोक निम्नानुसार रहेको छः

न भक्षयन्ति ये त्वर्थान् न्यायतो वर्धयन्ति च ।

नित्याधिकाराः कार्यास्ते राज्ञः प्रियहिते रताः ।।

यस श्लोकको अर्थ हुन्छः सरकारी पैसा अनियमितता नगर्ने तथा राज्यलाई फाइदा हुने गरी काम गर्ने सेवकलाई माथिल्लो पदमा नियुक्ति गर्नुपर्दछ । राज्यका कर्मचारीहरू छनौट गर्दा सबैभन्दा ध्यान दिनुपर्ने पक्ष भनेको राज्यप्रतिको वफादारी तथा सदाचारिता हो । सरकारले व्यक्तिको मनसाय र राज्यप्रतिको कर्तव्यलाई ध्यानमा राखेर इमान्दार व्यक्ति नियुक्त गरिनुपर्दछ (अनलाइनखबर, २०७६) ।

यसरी हेर्दा पौरस्त्य दर्शनहरूमा उल्लिखित नीतिहरू सुझाव दिने कुरामा मात्र सीमित छैनन्। यस्ता दर्शन तथा ग्रन्थहरूले शासन व्यवहारमा देखापर्ने गहिरा किसिमका शासकीय सङ्कट, आर्थिक अनियमितताका कारणहरू तथा त्यसमा विद्यमान संरचनात्मक त्रुटिहरूमा महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गरेको देखिन्छ । कौटिल्यको अर्थशास्त्रले शासन र नैतिकतासम्बन्धी मार्गदर्शन प्रस्तुत गर्दछ । यसैगरी न्यायिक र कर व्यवस्थासम्बन्धी राज्यका कर्मचारीको कर्तव्यलाई प्रष्टयाउँदछ साथै प्रशासनिक विशेषज्ञता र कर प्रणालीमा अनुशासनको आवश्यकतालाई व्याख्या गर्दछ । कौटिल्यको अर्थशास्त्रले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका लागि मूल्य तथा नैतिकतामा आधारित कडा कारवाहीका उपायहरू प्रस्ताव गरेको देखिन्छ । यी दृष्टान्तहरूले भ्रष्टाचार कानुनी वा आर्थिक समस्यामात्र नभई मूल्य प्रणालीको हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ।

यस्ता प्राचीन सिद्धान्त तथा नीतिहरू आजको दिनमा पनि उत्तिकै समय सान्दर्भिक तथा प्रासङ्गिक रहेका छन् । नेपालको सामाजिक आर्थिक अवस्था हेर्दा भ्रष्टाचार तथा दण्डहिनता आम समस्याका रूपमा देखा परेका छन् । यस्तो अवस्थामा प्राचीननीति ग्रन्थमा उल्लिखित सिद्धान्तले आधुनिक समयमा शासन सुधार र मानव अधिकार संरक्षणमा मार्गदर्शन गर्न सक्छन् ।

## मानव अधिकारको अवधारणाको इतिहास

मानव अधिकार शब्दको प्रयोग पहिलो पटक अमेरिकी राष्ट्रपति फ्रयाङ्क्लिन डी. रुजवेल्टले ६ जनवरी १९४१ मा अमेरिकी कंग्रेसमा दिएको सम्बोधनमा प्रयोग गरेका थिए । यसभन्दा अगाडि मानव अधिकारलाई “लिगल राइट्स” वा “सिभिल लिवर्टी” भनिन्थ्यो । यस लेखमा भने उक्त अवधारणालाई पनि मानव अधिकार भन्ने शब्द नै प्रयोग गरिएको छ । मानव अधिकारको अवधारणाको विश्वव्यापी इतिहास लामो छ । प्राचीन दस्तावेजहरू, दार्शनिक चेतनाहरूमा मानव

अधिकारको अवधारणा पाउन सकिन्छ । सिवाकोटी (२०७४) का अनुसार बुद्ध धर्ममा मानव अधिकार शब्दको प्रयोग नभए

तापनि उक्त धर्मभित्र अबलम्बन गरिएका मूल्य मान्यताहरू आधुनिक मानव अधिकारका सिद्धान्तसँग सम्बन्धित रहेका छन् । मानव अधिकारले हिंसालाई स्वीकार गर्दैन । बुद्धधर्म हिंसाविरुद्वको अहिंसात्मक हतियार हो । बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित भावी पुस्तालाई युद्धको विभीषिकाबाट बचाउने कुरालाई बुद्ध धर्मले आत्मसात् गरेको अध्ययनको निष्कर्ष छ ।

मानव अधिकारको आधुनिक इतिहास हेर्दा सन् १२१५ मा म्याग्नाकार्टाले मानिसलाई नजरबन्द र अमानवीय दमनबाट बचाउँने कानुनी अधिकार प्रदान गरेको देखिन्छ (Magna Carta, 2015) । यसपछि बेलायतमा सन् १६८९ मा ”बिल अफ राइट्स“ ले नागरिक अधिकार र संसद्को स्वतन्त्रता सुनिश्चित गर्यो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामपश्चात् सन् १७७६ मा मानव अधिकारको जीवन, स्वतन्त्रता र सुखका आधारभूतअधिकारहरू स्वीकार गरियो । यसपछि फ्रान्सेली राज्यक्रान्तिपश्चात् सन् १७८९ मा “फ्रेन्च डिक्लेरेशन अफ द राइट्स अफ म्यान एन्ड सिटिजन” मा मानिसका मौलिक अधिकारहरूलाई कानुनी मान्यतासमेत प्रदान गरेको थियो (न्यौपाने, २०७६) ।

विश्वव्यापी रूपमा मानव अधिकारको महत्त्व र संरक्षणको विषय भने सन् १९४८ को विश्वव्यापी मानव अधिकार घोषणापत्रबाट व्यापक बनेको हो ( Universal Declaration of Human Rights, 1948) । उक्त घोषणापत्र संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर १९४८ मा पारित गरेको थियो, जसले ३० धाराहरूमा मानव अधिकारहरूलाई समेटेको छ र विश्वभरीका मानिसहरूको समानताको आधार बनेको छ । यस घोषणाले मानवजातिको सम्मान, स्वतन्त्रता र न्यायको आधारस्तम्भ समावेश गरेको छ ।

मानव अधिकारले कानुन र अन्र्राष्ट्रिय सन्धिहरूबाट संरक्षण पाउने व्यवस्थाको विकास गरेको छ । विभिन्न महासन्धिहरू जस्तै रङ्गभेदविरुद्ध, महिला अधिकार, बाल अधिकार, यातना विरुद्धका सन्धिहरू आदि बनेका छन् । यसले व्यक्तिको मानव अधिकारका संरक्षणलाई कानुनी र संस्थागत संरचनामा बलियो बनाएको छ । नेपालमा पनि संविधान र कानुनी व्यवस्थाले मानव अधिकारको संरक्षण गर्ने व्यवस्था गरेको छ र राष्ट्रिय मानव अधिकार आयोगको गठनसमेत् भएको छ (नेपालको संविधान, २०७२) ।

हालसम्म मानव अधिकारसम्बन्धी विभिन्न नौ वटा प्रमुख महासन्धिहरू निर्माण भएका छन्, जसमध्ये नेपाल सातवटा महासन्धिहरूको पक्षराष्ट्र बनेको छ । जसमा रङ्गभेदविरुद्धको महासन्धि, १९६५;

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६; आर्थिक, सामाजिक तथा साँस्कृतिकसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६; महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव सम्बन्धी महासन्धि, १९७९; यातनाविरुद्ध महासन्धि, १९८२; बाल अधिकारसम्बन्धी महासन्धि, १९८९; र अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि, २००६ रहेका छन् (न्यौपाने, २०७६) ।

पौरस्त्य दर्शनले राज्य, समाज र व्यक्तिको कर्तव्यलाई अत्यन्तै गहिरो दृष्टिले विश्लेषण गरेको पाइन्छ। वैदिक कालमा धर्म, अर्थ, काम र मोक्षको चार पुरुषार्थलाई जीवन सञ्चालनको आधार मानिन्थ्यो । यस सन्दर्भमा भ्रष्टाचारलाई मात्र कानुनी वा प्रशासनिक कमजोरीका रूपमा नभई सामाजिक, धार्मिक र नैतिक दृष्टिले पनि विचार गरिन्थ्यो । व्यक्ति र राजाको दायित्व एकअर्कासँग गहिरो रूपमा जोडिएको थियो । राज्यको नेतृत्वले जनताको कल्याण सुनिश्चित नगरे वा नैतिक मूल्यलाई कमजोर पारेमा त्यसलाई समाजमा अनियमितता र भ्रष्टाचारको स्रोतका रूपमा हेरिन्थ्यो ।

कौटिल्यको अर्थशास्त्रमा भ्रष्टाचारको विश्लेषण निकै व्यवस्थित र व्यावहारिक ढङ्गले गरिएको छ । उनले केवल शासक वा प्रशासनिक अधिकारीको भ्रष्ट आचरणलाई मात्र होइन, राज्य सञ्चालनमा देखिने विभिन्न प्रकारका अनियमितता, लालच र स्वार्थले कसरी मानव अधिकार र जनकल्याणमा प्रतिकूल प्रभाव पार्छ भन्ने विषयमा पनि गहिरो दृष्टिकोण प्रस्तुत गरेका छन् । कौटिल्यले राज्यको स्थायित्व, जनताको सुरक्षा र समाजमा न्यायको सुनिश्चितता भ्रष्टाचार नियन्त्रणसँग प्रत्यक्ष रूपमा जोडिएको प्रष्ट पारेका छन् ।

समकालीन विमर्शमा वैदिक र कौटिल्यीय दृष्टिकोणले मानव अधिकारको अवधारणा बुझ्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ । पौरस्त्य दर्शनले राज्यको कर्तव्यमात्र होइन, नागरिकको कर्तव्य र नैतिक जिम्मेवारीलाई समेत जोड दिन्छ । भ्रष्टाचार र मानव अधिकारको सम्बन्धलाई यो दृष्टिकोणले केवल कानुनी वा संस्थागत प्रक्रियासँग सीमित नगरी सामाजिक र सांस्कृतिक आयामसम्म फैलाउँछ। यसले आजको समयमा पनि नीति निर्माण, प्रशासनिक सुधार र नागरिक सहभागिताका लागि ऐतिहासिक र दार्शनिक आधार तयार पार्ने कार्य गर्दछ ।

## भ्रष्टाचारले मानव अधिकारमा पार्ने प्रभाव

प्राचीनकालमा मानव अधिकारसम्बन्धी अवधारणाको विकास भएको देखिदैन । उक्त समयमा आजको जस्तो "मानव अधिकार" भन्ने औपचारिक शब्दावली र अन्तर्राष्ट्रिय कानुनी संरचना नभए पनि धार्मिक, नैतिक, र दार्शनिक ग्रन्थहरूले मानव जीवनको गरिमा, न्याय, समानता, र जनकल्याणका सिद्धान्तहरूलाई उच्च स्थान दिएको पाइन्छ । वैदिक, महाभारतकालीन, र कौटिल्यकालीन स्रोतहरूले शासनको उद्देश्यलाई केवल शासकको हित नभई प्रजा—कल्याणका लागि केन्द्रित गर्नुपर्ने

स्पष्ट धारणा दिएका छन् । यी नैतिक सिद्धान्तहरूलाई आजका सन्दर्भमा आधारभूत मानव अधिकारको पूर्वरूपको रूपमा लिन सकिन्छ ।

वैदिक कालमा शासन व्यवस्था धार्मिक मूल्य र सामाजिक मर्यादामा आधारित भए पनि कर सङ्कलन, आर्थिक स्रोतको वितरण र धार्मिक संस्थाहरूसँगका सम्बन्धमा भ्रष्टाचारको सम्भावना विद्यमान थियो । महाभारतकालीन "विदुर नीति" ले धनको नशा (ऐश्वर्यमद) लाई शासनको नैतिक पतनको मुख्य कारण ठहर गर्दै, यसले सामाजिक असमानता, न्यायको ह्रास र शासनको पतन निम्त्याउने चेतावनी दिएको थियो ।

विदुरको चेतावनी अनुसार, धन र शक्तिको दुरुपयोगले गरिब तथा कमजोर वर्गका अधिकार हनन् हुन्छन्, जसको सिधा असर सामाजिक तथा आर्थिक अधिकारमा पर्छ भन्ने बुझ्न सकिन्छ । उदाहरणका लागि, करको अत्यधिक बोझले जनता गरिबीको दुष्चक्रमा पर्ने गरेका थिए । यसैगरी, कौटिल्यको अर्थशास्त्रले प्राचीन शासन प्रणालीमा देखिएका ४० प्रकारका भ्रष्ट कार्यहरूको विस्तृत सूची दिएको छ । यीमध्ये धेरै भ्रष्ट कार्यहरू कर सङ्कलनमा धोखाधडी, अनियमित हिसाब—किताब, रिश्वत लिएर विशेष सुविधा दिने, वस्तु तथा सेवामा समयमै पहुँच नदिनेजस्ता क्रियाकलापसँग सम्बन्धित रहेका छन् । यस किसिमका भ्रष्टाचारजन्य क्रियाकलापले आम नागरिकको आर्थिक अधिकारमा असर पारेको थियो भन्न सकिन्छ । जसमा कर सङ्कलनका नाममा नागरिकलाई अतिरिक्त आर्थिक भार थोपर्ने, रकम हिनामिना गर्ने वा बजार मूल्य कृत्रिम रूपमा बढाउने कामले आम नागरिकको आम्दानी र क्रयशक्ति घटाउथ्यो । यसले व्यक्तिको आर्थिक अधिकारमा प्रत्यक्ष रूपमा असर पार्ने देखिन्छ । फलतः भ्रष्टाचारले समान अवसर र समान व्यवहारको सिद्धान्तलाई कमजोर,सामाजिक विभेद र असमानतालाई बढावा दिएको थियो । यसलाई व्यक्तिको सामाजिक र सांस्कृतिक अधिकारमा प्रत्यक्ष असर पारेको रूपमा बुझ्न सकिन्छ ।

धार्मिक वा सांस्कृतिक संस्थाहरूबाट कर असुल गर्ने, दानको रकम हिनामिना गर्ने जस्ता कार्यले सांस्कृतिक गतिविधि र परम्पराको संरक्षणमा अवरोध पुर्याउने गरेको पाइन्छ ।

भ्रष्टाचारले आमनागरिकको सेवामा पहुँच बढाउन वा आम नागरिकसम्म राज्यको सेवा पुर्याउने सन्दर्भमा अवरोध गरेको देख्न सकिन्छ । कौटिल्यले वर्णन गरेका गतिविधिहरूमा दिन योग्य वस्तु नदिनु, अल्पमूल्य वस्तुलाई बहुमूल्यका रूपमा लेख्नु, रिश्वत लिएर असमयमा वस्तु उपलब्ध गराउनु जस्ता अनियमितताले नागरिकलाई आवश्यक सेवा वा वस्तु पाउनबाट वञ्चित गराउँथ्यो । यसले गास, बास, कपास तथा स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सेवामा आम नागरिकको पहुँच घटाउँथ्यो वा विमुख पार्दथ्यो, जसलाई आजको परिभाषामा "आधारभूत मानव अधिकारको उल्लङ्घन" मान्न सकिन्छ।

कौटिल्य नीतिले भ्रष्टाचार नियन्त्रणका लागि कठोर सजायको प्रस्ताव गरेका छन्, जसमा भ्रष्टको सम्पत्ति जफत् गर्ने, पद घटुवा गर्ने, र सार्वजनिक रूपमा दण्ड दिने आदि रहेका छन् । यदि शासक स्वयम् वा शासकवर्ग नै भ्रष्टाचारमा संलग्न भएको खण्डमा भने यस्तो कारवाही कार्यान्वयन हुन कठिन हुन्थ्यो भन्ने बुझ्न सकिन्छ । यस किसिमको दण्डहिनताले प्रशासनिक संरचनामा अविश्वास पैदा गराउथ्यो, जसको असर नागरिकको राजनीतिक अधिकार र सहभागितामा पर्दथ्यो भन्न सकिन्छ।

शासकहरूको विलासी जीवनका लागि करको दर बढाउने प्रवृत्ति प्राचीन समयमा रहेको थियो । इतिहासको अध्ययनबाट शासकले आफ्नो विलासिता वा युद्धको खर्च धान्न करको दर अत्यधिक बढाउने गरेको तथ्य भेट्न सकिन्छ । यस किसिमको शासकीय प्रवृत्तिले व्यक्तिको आधारभूत आर्थिक अधिकार (जसमा न्यूनत्तम जीविकोपार्जनको क्षमता) हनन् गर्थ्यो साथै अत्यधिक करका कारण गरिब वर्गले पर्याप्त अन्न नपाउँदा खाद्य सुरक्षा अधिकारमा असर पर्ने गर्थ्यो यस अलावा आर्थिक अभावका कारण सांस्कृतिक अनुष्ठानमा सहभागिता घट्न गई सांस्कृतिक अधिकारसमेत कमजोर हुन्थ्यो ।

यसरी हेर्दा प्राचीनकालको भ्रष्टाचार केवल आर्थिक बेइमानीमात्र नभई शासन प्रणाली, सामाजिक संरचना र नैतिक मूल्यको गहिरो सङ्कट थियो । "मानव अधिकार" भन्ने आधुनिक शब्दावली नभए पनि, धर्म, न्याय र जनकल्याणका मूल्यहरूलाई हानी पुर्याउने गतिविधिहरूलाई त्यस समयमै निषेध गरिएको थियो । वैदिक र महाभारतकालीन नीति, तथा कौटिल्य नीतिले देखाएको भ्रष्टाचारको चित्रण आज पनि शासन सुधार र मानव अधिकार संरक्षणका लागि मार्गदर्शक बन्न सक्छ ।

**समकालीन अवस्थामा भ्रष्टाचार र मानव अधिकारको सम्बन्ध**

मानव अधिकारको आधुनिक विकासक्रम मूलतः दोस्रो विश्वयुद्धपछि विश्वव्यापी भएको पाइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ पश्चात् सबैका लागि मानव अधिकार भन्ने अवधारणाको विकास भएको हो । पछिल्लो समयमा मानव अधिकारसम्बन्धी राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रूपमा विकसित घोषणापत्र, महासन्धि, सम्झौताहरूका आधार दस्तावेज भनेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र नै हो । यस घोषणापत्रलाई स्वेच्छिक मानिए तापनि घोषणापत्रमा उल्लिखित प्रावधान सिद्धान्ततः संयुक्त राष्ट्रसङ्घका सबै सदस्य मुलुकका लागि बाध्यकारीजस्तै हुनपुगेका छन् । यसका अलवा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ लाई पनि बिल अफ राइट्सको रूपमा लिएको पाइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले सम्पूर्ण मानव जातिलाई स्वतन्त्रता, समानता, र गरिमासहितको जीवन बाँच्नका लागि आवश्यक आधारभूत अधिकारहरूको संरक्षण गर्दछ । यस

घोषणापत्रमा उल्लेख गरिएका धाराहरूले जीवनका हरेक पक्षमा व्यक्ति र समुदायका हक अधिकारको सुनिश्चितता गर्ने उद्देश्य राखेका छन् । धारा १ देखि ५ सम्मका प्रावधानहरूले व्यक्तिगत स्वतन्त्रता, समान व्यवहार, जीवन र सुरक्षाको अधिकार, दासत्वको निषेध, तथा यातना वा अमानवीय व्यवहारको रोकथाममा जोड दिएका छन् । यी प्रावधानहरूले व्यक्तिको शारीरिक र मानसिक गरिमाको रक्षा गर्दै, कुनै पनि आधारमा विभेद नगरी समान अवसरको सुनिश्चित गर्दछन् । धारा ६ देखि १२ सम्मका प्रावधानहरूले कानुनका दृष्टिमा समानता, निष्पक्ष न्याय पाउने हक, मनमानी गिरफ्तारी वा देश निकाला गर्न नपाउने व्यवस्था, र व्यक्तिगत गोपनीयताको सम्मानलाई सुनिश्चित गर्छन् । यसले विधिको शासनलाई मजबुत पार्दै नागरिकलाई न्यायको सहज पहुँच दिलाउने उद्देश्य राखेको छ ।

धारा १३ देखि २१ सम्मका प्रावधानहरूले स्वतन्त्र आवागमन, राजनीतिक शरण, राष्ट्रियताको अधिकार, विवाह र परिवार स्थापना, सम्पत्ति आर्जन, धार्मिक स्वतन्त्रता, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण सभा र सङ्घसंस्था स्थापना तथा स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत शासनमा सहभागिताको अधिकारलाई सुनिश्चित गर्छन् । यसैगरी धारा २२ देखि २७ सम्मका प्रावधानहरूले सामाजिक सुरक्षा, श्रम अधिकार, आराम र बिदा, स्वास्थ्य सुविधा, शिक्षा र सांस्कृतिक जीवनमा सहभागिताको अधिकारलाई सुनिश्चित गर्छन् । यी प्रावधानहरूले मानिसको जीवनस्तरलाई उकास्ने र मानवोचित जीवनयापनको आधार तयार गर्ने उद्देश्य राख्छन् । अन्त्यमा, धारा २८ देखि ३० सम्मले अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक व्यवस्थाहरू, अरूको अधिकारको सम्मान र सामाजिक कर्तव्यप्रति जिम्मेवारीबोधलाई जोड दिएका छन् । अन्ततः कुनै पनि राष्ट्र वा व्यक्ति यस घोषणामा उल्लिखित अधिकारहरूलाई नष्ट गर्ने वा सीमित गर्ने गतिविधि गर्न पाउँदैन (Universal Declaration of Human Rights, 1948) ।

यसरी, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले हरेक व्यक्तिको गरिमा, स्वतन्त्रता, र समानताको रक्षा गर्दै, मानव सभ्यतामा शान्ति, न्याय, र आपसी सहयोगको आधार निर्माण गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई नै आधार मानेर हेर्दा मानव अधिकार भनेको कुनै पनि व्यक्तिले मानवको रूपमा जन्म लिएपछि स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने उसको नैसर्गिक अधिकार हो। यसमा व्यक्तिको वाक् स्वतन्त्रता, सामाजिक, सांस्कृतिक, राजनीतिक तथा धार्मिक अधिकार पनि पर्छन्। हरेक व्यक्तिले निर्भय र स्वतन्त्रतापूर्वक आफ्नो पेसा—व्यवसाय गर्न पाउने, सम्बन्धित देशको कानुनअन्तर्गत रही वैधानिक किसिमले आयआर्जन गर्न पाउने, उपभोग गर्न पाउने सवाल पनि मानव अधिकारका समहत्त्वपूर्ण सवालहरू हुन् । यसका साथै जाति, भाषा, धर्म, लिङ्ग, वर्ण, क्षेत्रको आधारमा कुनै भेदभावविना राज्यबाट दिइने सेवासुविधा समान रूपले उपभोग गर्न

पाउनु, गोपनीयताको हक, कानुनी संरक्षण आदि मानव अधिकारका मूलभूत मान्यताभित्र पर्छन् (अन्सारी, २०७६) ।

नेपालको संविधानले मानव अधिकारलाई प्रस्तावनामा र नागरिकको मौलिक हकमा समेत सुनिश्चित गरेको छ । प्रत्येक नागरिकको मानव अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हो । यस दायित्वलाई संरक्षण तथा सुनिश्चित गर्ने सन्दर्भमा समकालीन समयमा भ्रष्टाचारले विभिन्न किसिमले अवरोध सिर्जना गरिरहेको छ । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिले भ्रष्टाचारलाई निजी लाभका लागि सार्वजनिक शक्तिको दुरुपयोगका रूपमा परिभाषित गरेको छ (United Nations Convention against Corruption., 2004) । कुनै पनि अधिकार प्राप्त व्यक्तिले सार्वजनिक सम्पत्तिको निजी कार्यको लागि गरिने दुरुपयोगलाई भ्रष्टाचारका रूपमा लिइन्छ । विभिन्न अध्ययनहरूले नेपाल उच्च तहको भ्रष्टाचार हुने देशको सूचीमा रहेको देखाएको छ । भ्रष्टाचारविरुद्ध विश्वव्यापी रूपमा कार्य गरिरहेको ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार अवधारणा सूचकाङ्क २०२५ अनुसार नेपाल ३४ अङ्कसहित कुल १८२ देशमध्ये १०९ औं स्थानमा रहेको छ। यसले नेपाल उच्च तहमा भ्रष्टाचार हुने देशका रूपमा चित्रित छ (Transparency International, 2025) ।

भ्रष्टाचारले मानव अधिकार संरक्षणमा गम्भीर किसिमको बाधाअवरोध सिर्जना गर्दछ । आम नागरिकको आधारभूत अधिकार संरक्षण गर्ने जिम्मेवारी पाएको प्रहरी प्रशासन भ्रष्टाचारका कारण नागरिकको अधिकारको संरक्षणभन्दा पनि आफ्नो निजी स्वार्थमा केन्द्रित हुन पुग्दछन् । नागरिकको आधारभूत आवश्यकता परिपूर्ति गर्ने निकायहरू, जस्तैः शिक्षा, स्वास्थ्यलगायतमा बढ्दो भ्रष्टाचारले नागरिकको चासो र स्वार्थलाई बेवास्ता गर्दै आफ्नै स्वार्थपूर्तिमा केन्द्रित हुन पुग्दछन् । कतिपय अवस्थामा भ्रष्टाचारका कारण व्यक्ति, गरिब, पीडित तथा वञ्चितीकरणमा परेका समुदायलाई न्यायसम्मको पहुँच सीमित तुल्याउनुका साथै न्याय प्राप्तिबाट समेत वञ्चित गराउँदछ । फलतः यसले मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई बढाउँदछ ।

शिक्षा, स्वास्थ्य, सुरक्षालगायतका क्षेत्रहरूमा सेवा प्रवाह र वितरण गर्दा कमजोर तथा गुणस्तरहीन सेवा तथा वस्तुको उपलब्ध गराउने, नियमित रूपमा सेवा उपलब्ध नगर्ने, अनावश्यक हस्तक्षेप गर्ने लगायतका भ्रष्टाचारजन्य कार्यले व्यक्तिको अधिकारको प्रभावकारी कार्यान्वयन तथा परिपूर्तिमा बाधाअवरोध उत्पन्न गर्दछ । फलतः स्वास्थ्य क्षेत्रमा विपन्न, गरिब तथा बहिष्करणमा पारिएका वर्ग समुदायका व्यक्तिहरूको पहुँच नपुग्ने वा असमान प्रकृतिको पहुँच हुने, कमजोर तथा गुणस्तरहीन शिक्षा उपलब्ध गराउने लगायतका घटनाक्रमहरू बढेर जान्छन् । भ्रष्टाचारले नागरिकको न्याय पाउने अधिकार, स्वतन्त्र अभिव्यक्ति, सभा र शान्तिपूर्ण विरोधको स्वतन्त्रता, सुरक्षाकोअधिकार, शिक्षा, स्वास्थ्यका अधिकारमा नकारात्मक प्रभाव पारिरहेको छ । राजनीतिक संरक्षण प्राप्त भ्रष्ट

अधिकारीहरूले मानव अधिकार उल्लङ्घन गर्ने र यस्ता घटनाहरूबाट सजिलै उन्मुक्ति पाउने अवस्था सिर्जना गर्दछ ।

भ्रष्टाचार हरेक किसिमका मानव अधिकारको परिपूर्ति तथा संरक्षणमा ठूलो अवरोधका रूपमा रहेको छ । भ्रष्टाचारले मानव अधिकारका आधारभूत सिद्धान्तहरू, जस्तैः अविभेद, सहभागिता, पारदर्शिता, जवाफदेहिताका साथै व्यक्तिका नागरिक, राजनीतिक, आर्थिक सामाजिक सांस्कृतिक अधिकारको परिपूर्तिमा पनि गम्भीर अवरोध उत्पन्न गर्दछ (Pillay, 2013) । पिल्लेको यसै भनाइले पनि भ्रष्टाचारले मानव अधिकारमा पार्ने असरको आँकलन गर्न सकिन्छ । भ्रष्टाचार उच्च भएको स्थानमा मानव अधिकारको अवस्था कमजोर हुने देखिन्छ । अझ सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको परिपूर्ति तथा संरक्षणमा विभिन्न बाधा अवरोधहरू सिर्जना हुन सक्ने देखिन्छ । पिल्लेका अनुसार भ्रष्टाचारले समाजमा अविभेदको सिद्धान्तलाई हानि पुर्याउँछ र नागरिकलाई अर्थपूर्ण सहभागिताबाट वञ्चित गर्छ । उदाहरणका लागि, जब सार्वजनिक स्रोतहरू निजी स्वार्थका लागि दुरुपयोग गरिन्छ, तब शिक्षा, स्वास्थ्य, सरसफाइ, रोजगारी, र पूर्वाधार विकासजस्ता नागरिकका आधारभूत अधिकारहरूमा प्रत्यक्ष असर पर्छ । यसरी हेर्दा, भ्रष्टाचार केवल आर्थिक अनियमिततामात्र होइन, मानव अधिकारको सम्पूर्ण संरचनालाई कमजोर पार्ने एउटा दीर्घकालीन र प्रणालीगत समस्या हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदनहरूको अध्ययन गर्दा भ्रष्टाचार हरेक निकायमा झाँगिएको देखिन्छ । शिक्षा, स्वास्थ्य, प्रहरी प्रशासन, मालपोत, उद्योग, कर, वैदेशिक रोजगारी, विकास निर्माणका कामहरू न्याय लगायतका निकायहरूमा व्याप्त भ्रष्टाचारले नागरिकको नैसर्गिक मानव अधिकारको हनन् हुन पुग्दछ । यस किसिमको भ्रष्टाचारले व्यक्तिका सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारमा गम्भीर सङ्कट उत्पन्न गर्दछ ।

**तालिका नं. २**

***शासनकालअनुसार भ्रष्टाचारले मानव अधिकारमा पार्ने असर***

| **क्र.सं.** | **राज्यको उद्देश्यहरू** | **भ्रष्टाचारको स्वरूप** | **मानव अधिकारमा पार्ने असर** | |
|---|---|---|---|---|
| १ | कौटिल्यकाल | राज्य विस्तार, शासकको शक्ति विस्तार र विलासिता | आम नागरिकबाट जर्बजस्ती कर उठाउने, र शासकको व्यक्तिगत स्वार्थमा उपयोग गर्ने | सर्वसाधारणको जीवन निर्वाहमा अवरोध, समानताको अभाव |
| २ | मध्यमकालीन | सामन्ती शक्ति विस्तार, | श्रम र उत्पादनको | व्यक्तिको सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| | समय | भूमिमाथि शासकको नियन्त्रण | शोषण | तथा आर्थिक अधिकारको उल्लङ्घन |
| ३ | समकालीन समय | विकास र सेवा प्रदायक शासन | नीतिगत भ्रष्टाचार, सार्वजनिक स्रोतको दोहन, आर्थिक अनियमिता | शिक्षा, स्वास्थ्य, रोजगारीमा संकुचन, विकासमा अवरोध, सांस्कृतिक अधिकारमा अवरोध |

(स्रोतः सामग्री अध्ययन, २०८२)

तालिका नं. २ ले शासनकालअनुसार भ्रष्टाचारको स्वरूप र यसले मानव अधिकारमा पार्ने असरलाई तीन मुख्य कालखण्डमा वर्गीकरण गरी देखाएको छ । प्राचीनकाल अर्थात् कौटिल्यकालमा राज्यको उद्देश्य विस्तार र शासकको शक्ति वृद्धि थियो, जहाँ भ्रष्टाचारको स्वरूप आम जनताबाट जबर्जस्ती कर असुली गरी शासकको व्यक्तिगत स्वार्थमा प्रयोग हुने गथ्र्यो । यसले सर्वसाधारणको जीवन निर्वाहमा ठुलो बाधा पुर्यायो र सामाजिक समानताको अभाव सिर्जना गर्यो । मध्यकालीन समयमा सामन्ती शक्तिको विस्तार र भूमिमा नियन्त्रणका लागि श्रमिक र उत्पादनमाथि शोषण भयो जसले व्यक्तिका सामाजिक तथा आर्थिक अधिकारहरूलाई उल्लङ्घन गर्यो ।

समकालीन समयमा राज्यले विकास र सेवा प्रदायक शासनलाई प्राथमिकता दिएको भए पनि नीतिगत भ्रष्टाचार, सार्वजनिक स्रोतको दोहन र आर्थिक अनियमितताले शिक्षा, स्वास्थ्य, रोजगारीमा सङ्कुचन ल्याएको छ । यसले समग्र विकासमा अवरोध पुर्याउने मात्र नभई सांस्कृतिक अधिकारहरूमा समेत असर पारेको छ । यसरी, हरेक कालखण्डमा भ्रष्टाचारको भिन्न-भिन्न स्वरूप भए पनि यसको नकारात्मक प्रभाव मानव अधिकारको संरक्षणमा देखिन्छ र यसको नियन्त्रण आवश्यक रहेको माथिको तालिकाले स्पष्ट गर्दछ ।

## निष्कर्ष

भ्रष्टाचारलाई केवल आर्थिक हानि वा वित्तीय अनियमितताको दृष्टिले मात्र बुझ्नु हुदैन, बरु यो मानव अधिकारको योजनाबद्ध उल्लङ्घन हो । यसबाट नागरिकको आधारभूत आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारमा प्रत्यक्ष असर पुग्दछ । विकासोन्मुख मुलुकका शासन संरचनामा जबसम्म पारदर्शिता र जवाफदेहिता मजबुत हुँदैन, तबसम्म भ्रष्टाचारको प्रभावबाट मानव अधिकारको पूर्ण कार्यान्वयन सम्भव हुँदैन भन्ने देखिन्छ ।

यस अध्ययनले भ्रष्टाचार र मानव अधिकारबीचको सम्बन्ध कुनै एक कालखण्डमा मात्र सीमित विषय नभई ऐतिहासिक निरन्तरता सहितको संरचनागत समस्या हो भन्ने देखाएको छ । कौटिल्यकालमा राज्यको उद्देश्य मुख्यतया सत्ता रक्षार्थ, राज्य विस्तार र शासकको विलासिताका लागि केन्द्रित थियो, जसका लागि आम नागरिकबाट जबर्जस्ती कर असुली गर्ने र सार्वजनिक स्रोतलाई व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने प्रवृत्ति हावी थियो । यसले नागरिकको जीवन निर्वाहमा प्रत्यक्ष अवरोध पुर्यायो र समानताको अधिकार क्षति गर्यो । मध्यमकालीन सामन्ती शासनमा यो प्रवृत्ति श्रम र उत्पादनमाथिको शोषणमा परिणत भयो, जसले आर्थिक असमानता गहिरो बनायो र सामाजिक—आर्थिक अधिकारलाई कमजोर पा पार्यो। समकालीन नेपालमा पनि यस्तै चरित्रको भ्रष्टाचार देखिन्छ तर यसको स्वरूप नीतिगत र प्रशासनिक अनियमितताका रूपमा प्रकट भएको छ। जसमा सार्वजनिक स्रोतको दोहन, ठेक्का प्रक्रियामा कमीशन, स्वास्थ्य तथा शिक्षा बजेटमा अनियमितता, र विकास आयोजना सुस्त पार्ने कार्य प्रमुख छन् । यसरी समय र स्वरूप बदलिँदै गए पनि भ्रष्टाचारको मूल चरित्र सत्ता संरक्षण, स्रोतको दुरुपयोग र जनसाधारणको अधिकार हनन् भने स्थिर रहँदै आएको पाइन्छ ।

यसरी हेर्दा नेपालले भ्रष्टाचार नियन्त्रण र मानव अधिकार प्रवर्धनलाई दुई फरक नीतिगत विषयका रूपमा नभई एकीकृत रणनीतिक प्राथमिकताका रूपमा लिन र यसको नीति तय गर्न आवश्यक छ। यसका लागि पहिलो कदमका रूपमा कानुनी संरचनालाई सुदृढ गर्दै नीतिगत भ्रष्टाचारलाई दण्डनीय अपराधको रूपमा कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । कानुनमात्र होइन, यसको कार्यान्वयनमा राजनीतिक इच्छाशक्ति सुनिश्चित गर्नुपर्छ, जसका लागि सत्ता र प्रशासनिक तहमा पारदर्शिता र नागरिकको प्रत्यक्ष निगरानीलाई संस्थागत गर्न जरुरी छ । अन्त्यमा, कौटिल्यकालको नैतिक अनुशासन र पौरस्त्य शासनदर्शनका मूल्य मान्यताहरू, जस्तैः जनकल्याण, कर सङ्कलनको न्यायोचितता, र सामाजिक उत्तरदायित्वलाई आधुनिक सुशासनका सिद्धान्तहरूसँग एकीकृत गर्नु आवश्यक छ । यस माध्यमबाट मात्र भ्रष्टाचारविरुद्धको लडाईँलाई आर्थिक पारदर्शितासम्म सीमित नराखी मानव अधिकार प्रवर्धनको व्यापक आन्दोलनमा परिणत गर्न सकिन्छ।

## सन्दर्भ–सामग्रीहरू


अन्सारी, मोहना (वि.सं. २०७६ पुस २३). *भ्रष्टाचार र मानव अधिकार.* कान्तिपुर दैनिक, https://ekantipur.com/opinion/2020/01/08/157845262972676435.html

अनलाइनखबर (वि.सं. २०७६ फागुन ८). *कौटल्यको अर्थशास्त्रः भ्रष्टाचारीलाई के गर्ने कारवाही.* https://www.onlinekhabar.com/2020/02/838302

अलंकार, रुपक (वि.सं. २०८१). *कौटिल्य नीति दर्पणः नेपाली शब्दार्थ र भावार्थसहित.* काठमाडौः शिखा बुक्स ।

अर्याल, मदनप्रसाद (वि.सं. २०८०). *नीति : विदुर, कौटिल्य र भर्तृहरि.* काठमाडौः श्रीमती रमादेवी अर्याल तथा प्रवेश अर्याल एभरेष्ट गीता निकेतन ।

आचार्य, रामकुमार (वि.सं. २०७९). *नेपालमा भ्रष्टाचारः कारण र निवारण.* काठमाडौ ।

कौटिल्य नीति (सन् १९९९). *कौटिल्य नीति.* दिल्ली साधना पकेट बुक्स ।

कौटिल्यको अर्थशास्त्र (सन् २००१). *कौटिल्यको अर्थशास्त्र.* दिल्लीः रामलाल एण्ड सन्स ।

ढकाल, बाबुराम (वि.सं. २०६०). *भ्रष्टाचारको साम्राज्य.* काठमाडौ ।

थापा, हरिबहादुर (वि.सं. २०६०). *भ्रष्टाचारको शल्यक्रिया.* काठमाडौ ।

नेपाल सरकार (वि.सं. २०७२). *नेपालको संविधान.* https://lawcommission.gov.np/content/13437/ nepal-s-constitution/

न्यौपाने, कुशल (२०७६ भाद्र २). मानव अधिकार. *प्रशासन,* https://www.prasashan.com/२०१९/०८/१९/१३१२४२

सिवाकोटी, कैलाशकुमार (वि.सं. २०७४). वुद्धधर्म र मानव अधिकार, *संवाहक, वर्ष २ अंक ४,* पेज नं. ७१–८६

Duraiswamy, N. (2014, January 2). *The Arthashastra and the welfare state.* India Facts. https://www.indiafacts.org.in/the-arthashastra-and-the-welfare-state/?utm_source=chatgpt.com

The National Archives (1215). *Magna Carta 1215*. https://www.nationalarchives.gov.uk/education/resources/magna-carta/british-library-magna-carta-1215-runnymede/

Peters, A. (2024). Human rights and corruption: Problems and potential of individualizing a systemic problem. *International Journal of Constitutional Law, 22*(2), 538–561. https://doi.org/10.1093/icon/moae038

Pillay, N. (2013, March 13). Opening statement by Navi Pillay, High Commissioner for Human Rights: Panel on "the negative impact of corruption on human rights." *Latest Media Center: Statements and Speeches, Multiple Mechanisms*. United Nations Human Rights Office. https://www.ohchr.org/en/statements-and-speeches/2013/03/opening-statement-navi-pillay-high-commissioner-human-rights-panel?LangID=E&NewsID=13131

PubAdmin Institute. (2023, November 2). *Kautilya: The architect of Arthashastra*. PubAdmin Institute. https://pubadmin.institute/administrative-thinkers/kautilya-architect-of-arthashastra

Transparency International. (2022, January 25). *CPI 2021: Corruption, human rights and democracy*. https://www.transparency.org/en/news/cpi-2021-corruption-human-rights-democracy

Transparency International. (2025, February 11). *Corruption Perceptions Index 2024*. https://www.transparency.org/en/cpi/2024

U4 Anti-Corruption Resource Centre. (2025, July 18). *Human rights: U4 basic guide*. https://www.u4.no/topics/human-rights/basics

United Nations Office of the High Commissioner on Human Rights (OHCHR). (n.d.). *Corruption and human rights*. https://www.ohchr.org/en/good-governance/corruption-and-human-rights

United Nations. (1948). *Universal declaration of human rights.* https://www.un.org/en/about-us/universal-declaration-of-human-rights

United Nations. (2004). *United Nations Convention against Corruption*. https://www.unodc.org/documents/brussels/UN_Convention_Against_Corruption.pdf